# चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (२०७९-२०८८)

## Water, Sanitation and Hygiene (WASH) Plan of Chakraghatta Rural Municipality (2022-2030)




चक्रघट्टा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, चक्रघट्टा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७९

# चक्रघट्टा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, सर्लाही
प्रदेश नं. २,नेपाल

## शुभ-कामना

मानव जीवनको अस्तित्व खानेपानी विना सम्भव छैन, त्यसैले पनि खानेपानीको महत्वमा वन जिवनका लागि धेरै नै अर्थ राख्दछ। खानेपानी, सरसफाइ तथा स्वच्छताको महत्व धेरै नै छ, अव्यवस्थीत वा फिंतलो खानेपानी, सरसफाइ तथा स्वच्छताका कारण बिभिन्न किसिमका रोगहरु लाग्ने, जसका कारणले ठुलो धनरासी खर्चिनु पर्ने र समयमा उपचार हुन नसक्दा मृत्यु पनि हुन सक्ने हुन्छ। नागरिकस्तरमा सचेतनाको कमी, सरकार आफैले पनि प्रयाप्त श्रोतहरुको परिचालन गर्न नसक्नु पनि मुख्य प्रमुख कारण हो। यी तथ्यलाई आत्म साथ गर्दै नेपालले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा उल्लेखनिय कार्यहरु र उपलब्धि समेत हासिल गर्दै आइरहेको छ। खुला दिसा मुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुविधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदि यस जिल्ला र गाउँपालिकाका मुख्य चुनौतीका रुपमा रहेका छन्।

नेपाल सरकारले आत्मसाथ गरेको दिगो विकास लक्ष्यको मर्म अनुसार यस जिल्लाले र गाउँपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच र उचित व्यवस्थापनमा जोड दिनु पर्ने छ। सरकारले गरेका राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरुलाई चक्रघट्टा गाउँपालिकाले आत्म साथ गर्दै खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा नीति, ऐन तथा नियमहरु बनाउने कार्यको थालनी गर्दै आएको छ। साथै खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि बजेट बिनियोजन गर्दै आइरहेको र राष्ट्रिय र अर्न्तराष्ट्रिय विकास साझेदार निकायहरुसंग सहकार्य गरि खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि विभिन्न प्रकारका सचेतनाभुलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ।

यसका साथै आगामी वर्षहरुमा यि कार्यहरुलार्य निरन्तरता दिई खानेपानी तथा सरसफाइ क्षेत्रमा यथेष्ट बजेट विनियोजन गरेर कार्यान्वयन प्रकृयामा प्रभावकारीता ल्याउने प्रतिवद्धता पनि व्यक्त गर्दछु। चक्रघट्टा गाउँपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिदै सरसफाइ र स्वच्छताको दिगोपना कायम गर्न, गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिकाका रुपमा विकास गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण तथा यसको सफल कार्यान्वयन आजको आवश्यकता रहेको छ।

यस चक्रघट्टा गाउँपालिकाका जनताको खानेपानी सेवामा पहुँच, पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाउने दीर्घकालीन सोचका साथ सन् २०३० सम्मको लागि निर्माण भएको यस खासस्व योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रुपमा रहेकोले योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु। अन्तमा, रणनीतिक योजना निर्माणमा सहयोग गर्ने सम्पूर्ण राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, युनिसेफ, छायाँ नेपाल एवं यस गाउँपालिका अर्न्तगतका सबै शाखाहरु प्रति आभार व्यक्त गर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद।

विक्रम यादव
अध्यक्ष

चक्रघट्टा गाउँपालिका
विक्रम यादव
गाउँपालिका अध्यक्ष

## चक्रघट्टा गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय, सर्लाही
प्रदेश नं. २,नेपाल

# शुभ-कामना

खानेपानी, सरसफाइ तथा स्वच्छता मानव स्वास्थ्य तथा अस्तित्वको लागि अपरिहार्य विषय भएकोले यसको पहुँचलाई व्यापक बनाउदै नागरिकलाई जागरुक गरि समुचित विकासका लागि सबै पक्षले ध्यान दिनु पर्ने हुन्छ । सरसफाइ क्षेत्रको विकासका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ तर्जुमा भइ यसैको मर्म अनुसार जिल्ला तथा स्थानीयतहमा सरसफाइ प्रवर्द्धनका अभियानहरु संचालन भई सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार भइरहेको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा चक्रघट्टा गाउँपालिकाले केही कार्यहरु गरे पनि प्रयाप्त श्रोत तथा साधनको अभावले उल्लेख्य नतिजा हासिल गर्न कठिन भएको अवस्था छ । तर चक्रघट्टा गाउँपालिकाले बिभिन्न सरोकारवालाहरु संगको सहकार्य तथा समन्वयमा जोड दिएको छ । साथै आगामी दिनमा थप प्रभावकारी समन्वयको माध्यमबाट यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा लिएका लक्ष्यहरु हासिल गर्न तयार रहनेछ । चक्रघट्टा गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरु बिशेष गरेर छायाँ नेपाल/युनिसेफको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइतथा स्वच्छता (खासस्व) योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

तसर्थ यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्धेश्य अनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गर्नुपर्ने सहयोगको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

यशोदा कुमारी
उपाध्यक्ष
चक्रघट्टा गाउँपालिका

# चक्रघट्टा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, सर्लाही

प्रदेश नं. २,नेपाल

## शुभ-कामना

स्वच्छ तथा प्रयाप्त खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गर्नु हाम्रो प्रमुख दायित्व मध्ये एक हो । किनकी स्वच्छ खानेपानी बिना मानव तथा प्राणीहरुको अस्तित्व छैन, त्यसैले पनि हामी यो कार्यलाई सार्थक बनाउनको लागि गम्भीर भएर कार्य गरिहेका छौ । खानेपानी, सरसफाइ तथा स्वच्छतामा नागरिकको पहुँच अभिबृद्धि गर्न गाउँपालिका, सम्बन्धित सरोकारवालाहरु र नागरिक स्वयम्को समेत सहयोग तथा साथको आवश्यकता पर्दछ । नेपाल सरकारले राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ निर्माण गरि त्यसको तर्जुमा यस चक्रघट्टा गाउँपालिकामा समेत भइरहेको र गुरुयोजना अनुसार सर्लाही जिल्ला तथा स्थानीयतहमा सरसफाइ प्रवर्द्धनका कार्यक्रमहरु र अभियानहरु नियमित रुपमा संचालनमा आईरहेको र यस गाउँपालिकामा केही हदसम्म सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार भइरहेको छ ।

चक्रघट्टा गाउँपालिका संग खानेपानी, सरसफाइतथा स्वच्छता सम्बन्धी स्पष्ट योजना तथा कार्यनीति नभएको अवस्थामा, यो खानेपानी, सरसफाइतथा स्वच्छता (खासस्व) योजना निर्माणले दिर्घकालिन उपलब्धी हासिल गर्न र चक्रघट्टा गाउँपालिकाले पनि स्पष्ट योजना तथा बजेट तर्जुमा गर्न अनि नै सहज हुने देखिन्छ । सन् २०३० सम्म यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छतामा नागरिकको सत प्रतिशत पहुँच अभिवृद्धि गर्ने लक्ष्य दिएको छ भने यस कार्यलाई सफल बनाउनका लागि गाउँपालिकाले प्रादेशिक, संघिय सरकार संग पनि सहयोगको अपेक्षा लिएको छ । साथै सर्लाही जिल्ला तथा यस गाउँपालिकामा कार्यरत संघसंस्था वा सरोकावालाहरु निकायहरु संग पनि सहकार्य र समन्वय गर्नेछ ।

चक्रघट्टा गाउँपालिकाको गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व तथा यस गाउँपालिकामा कार्यरत सरोकावाला निकायहरु मध्ये बिशेष गरेर छायाँ नेपाल/युनिसेफको सहयोगमा तयार गरिएका खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना अति नै उपयोगी तथा अत्यन्तै सान्दर्भिक रहेको छ ।

दीर्घकालीन लक्ष्य र उद्धेश्य अनुसारको प्रगति हासिल गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा म आफ्नो तर्फबाट सक्दो गर्नुपर्ने सहयोग तथा सहकार्यको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

लालबाबु प्रसाद साह
नि. प्रमुख प्रशासकिय अधिकृत
चक्रघट्टा गाउँपालिका

लाल बाबु प्रसाद साह
नि. प्रमुख प्रशासकीय अधिकृत

# शुभ-कामना

सुरक्षित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधाबिना स्वस्थ, खुसी र प्रतिष्ठित जीवन संभव छैन भन्ने यथार्थलाई मनन् गर्दै सबै स्थानीय तहमा सबै क्षेत्रको सहकार्य र ब्यापक जनसहभागिताबाट राष्ट्रिय सरसफाइ गुरुयोजना २०६८ को अत्यन्तै प्रभावकारी कार्यान्वयन गरी सर्लाही जिल्लाले बि.स. २०७६ भाद्र २९ गते जिल्लालाई देशको ७१ औं खुल्ला दिसामुक्त जिल्लाको रूपमा घोषणा गर्न सफल भएको थियो । महोत्तरी जिल्ला खुला दिसामुक्त क्षेत्रका रूपमा विकास हुन ठूलो उपलब्धी हो र पनि यसको दिगोपना, ठोस तथा तरल फोहर र दिसाजन्य लेदोको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने लगायत समग्र खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी प्रभावकारी आनीबानीको विकास, प्रवर्द्धन र प्रयोग, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्चितता र निरन्तर प्रयोग, सबै जनताहरुलाई सुरक्षित खानेपानी सुविधा सुनिश्चित गरी पालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु यस पालिकाको मुख्य लक्ष्य हो ।

माथि उल्लेखित समस्या तथा चुनौतिहरुलाई सम्बोधन गर्न यस चक्रघट्टा गाउँपालिकाले सङ्घीय खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, युनिसेफ नेपाल र छायाँ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मोबाईल एप्स प्रविधिबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विस्तृत सर्वेक्षण, विश्लेषण र विभिन्न तह तथा निकायहरुसंगको सहभागितात्मक छलफल मार्फत **सफा, स्वच्छ, र सुरक्षित खानेपानीयुक्त गाउँपालिका बनाउँदै पूर्ण सरसफाइमा पुग्न** चक्रघट्टा गाउँपालिकाले दश **वर्षीय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना** २०७९ तर्जुमा गरेकोमा हार्दिक बधाई दिन चाहान्छु ।

भनिन्छ, एक राम्रो योजना निर्माण हुनु भनेको समग्र कामको आधा उपलब्धी हो । यसको प्रभावकारी कार्यान्वयनले महिला, बालबालिका तथा समग्र जनताको जीवनमा ठूलो परिवर्तन ल्याउन सहयोग पुग्नेछ । त्यसैले यो खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (Water, Sanitation and Hygiene (WASH) Plan) को समयमा नै प्रभावकारी कार्यान्वयन गरी नेपालको संविधानमा व्यबस्था गरिएको "सबै जनताको लागि सुरक्षित खानेपानी र सरसफाइ सुविधामा पहुँच पुग्ने" सम्बन्धी अधिकार सुनिश्चित गर्न सहयोग पुग्नेछ । साथै यस **दश वर्षीय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना** २०७९ को कार्यान्वयनले गाउँपालिकाको र दिगो विकास लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने कुराको पूर्ण विश्वास लिंदै सफलताको शुभ कामना व्यक्त गर्दछौ ।

धन्यवाद ।

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

अनिता दाहाल
प्रमुख
युनिसेफ फिल्ड कार्यालय, जनकपुर
मधेस प्रदेश


United Nations Children's Fund
UN House
P.O. Box 1187
Kathmandu, Nepal

Telephone: 977-1-5523200
Fax: 977-1-5527280 / 5535395
Email:kathmandu@unicef.org
www.unicef.org/nepal

# धन्यवाद मन्तब्य

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ (पन्ध्र) वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वका स्रोतहरू समेत प्रदान गरेको छ । यसैको आधारमा यी तहहरूले आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गरी कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी समेत बहन गरिरहेका छन् । सोही अनुरुप सर्लाही जिल्लाको **चक्रघट्टा गाउँपालिका**ले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) को वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी दश वर्षभित्र गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख गाँउपालिकाका रुपमा घोषणा गर्न विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था र देखिएका समस्याहरुको विश्लेषण गरी गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरु विशेष गरेर युनिसेफ/छा-याँ नेपालको सहयोगमा डिजिटल प्रविधि-एनवास एप्सको प्रयोग गरी स्थलगत तथ्याँक संकलन र विश्लेषण गरी पीलिकाको नेतृत्व र समन्वयमा तर्जुमा गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

खासस्व योजनाबाट समुदाय, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक शौचालयको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वर्तमान अवस्था, योजना तर्जुमाको सिलसिलामा अपनाईएका प्रकृयाहरू, योजनाका सीमाहरु, लक्ष्य, उद्वेश्य, रणनीति र कार्यनीति एवं दश वर्षका लागि सम्पादन गर्नुपर्ने क्रियाकलापका साथै अनुमानित बजेट बारेमा स्पष्ट देख्न सकिन्छ । गाउँपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा चक्रघट्टा गाउँपालिकाको आफ्नो वर्तमान अवस्था र रणनीतिक बाटो तय गरिएको यस सुचना प्रविधिमा आधारित योजनाले जन निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरु, विकास साझेदार र सरोकारवालाहरुलाई मार्गदर्शन गरी उचित तथा प्रभावकारी कार्यान्वयनबाट निर्धारित लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिईएको छ ।

यो योजना तर्जुमाको कार्यमा अगुवाई सहितको कृयाशिल संलग्नता देखाउनु भएका यस गाउँपालिकाका निवर्तमान अध्यक्ष श्री विक्रम यादव, उपाध्यक्ष बशोदा कुमारी, गाउँपालिका अध्यक्ष श्री **कृष्ण कुमार यादव**, सबै वडाध्यक्षहरु, सबै गाउँ कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, जसले हाम्रो सहजिकरणलाई सहजतापूर्वक स्विकार गरी आवश्यक सहयोग समेत पुऱ्याउनु भएकोमा साझेदार संस्थाका तर्फवाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका लागि प्राविधिक सहयोग पुऱ्याउन छा-याँ नेपाल, काठमाण्डौंलाई अवसर दिनु हुने युनिसेफ नेपाल, फिल्ड कार्यालय जनकपुरका खासस्व अधिकृत श्री बोध नारायण श्रेष्ठ, श्री अन्नपूर्ण मिश्र र श्री सुनिता सुल्पेलाइ हार्दिक धन्यबाद दिन चाहन्छु । यस कार्यलाई शुरुवात देखि नै आवश्यक मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने युनिसेफ केन्द्रिय कार्यालय काठमाडौका खासस्व विज्ञ श्री दण्डीराम विश्वकर्मा, खानेपानी तथा सरसफाइ मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागका परामर्शदाता श्री बलराम मायालु र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु हुने डा. रजित ओझा, प्रसन्ना ताल्चभण्डारी, अदिति न्यौपानेलाई साझेदार संस्थाका तर्फबाट विशेष आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस कार्यलाई सम्पन्न गर्न निकै मेहनत गर्नुहुने परामर्शदाता श्री रविन्द्र लामिछाने, साझेदार संस्थाका खासस्व विज्ञ श्री होमनाथ आचार्य, कार्यक्रम व्यस्थापक श्री राम महर्जन, कार्यक्रम अधिकृत श्री निशान्त गौतम, सुचना व्यवस्थापन प्रणाली विज्ञ श्री निश्मा कार्की, स्थानिय संयोजक साजना खतिवडा र गणकहरुको योगदानको कदर गर्दै खासस्व योजनाको सफल एवं प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद,

कमल थापा
कार्यकारी निर्देशक
छा-याँ नेपाल, काठमाडौं

# विषयसूची


अध्याय १ ........ १

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय ........ १

१.१. पृष्ठभूमि ........ १

१.२. औचित्य ........ २

१.३. उद्देश्य ........ २

१.४. समयावधि ........ ३

१.५. सीमितता/ अध्ययनका सिमा ........ ३

१.६. तयारी विधि र प्रक्रिया ........ ३

१.६.१. खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ........ ३

१.६.२. गाउँपालिका स्तरीय खासस्व योजना परिचयात्मक गोष्ठी तथा सहमति निर्माण ........ ३

१.६.३. गणकहरुको छनोट एवं तालिम ........ ३

१.६.४. तथ्याङ्क संकलन तथा लेखाजोखा ........ ३

१.६.५. तथ्याङ्क प्रशोधन, विश्लेषण तथा मस्यौदा खासस्व योजना तयारी ........ ३

१.६.६. खासस्व योजना प्रमाणीकरण गोष्ठी ........ ३

१.६.७. खासस्व योजना तयारी तथा सार्वजनिकिकरण ........ ३

अध्याय २ ........ ५

गाउँपालिकाको वस्तुगत विवरण ........ ५

२.१. भौगोलिक अवस्थिति र बनोट ........ ५

२.२. पहुंच ........ ५

२.३. भूउपयोग तथा वातावरण ........ ५

२.४. जनसांख्यिक विवरण ........ ७

२.५. आर्थिक गतिविधि र पेशा ........ ८

२.६. जनसंख्याको गतिशिलता र बसाई सराईको स्थिति ........ ८

२.७. भौतिक पूर्वाधार ........ ९

२.८. गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र खासस्व योजनाको सम्वन्ध ........ ९

२.९. अन्य कार्ययोजनाहरु र खासस्व योजना वीचको अन्तर सम्बन्ध ........ ९

२.१०. खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ........ ९

अध्याय ३ ........ १०

खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको विश्लेषण ........ १०

३.१. खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणाली ........ १०

३.२ घरायासी तहमा खासस्वले समेटेको क्षेत्र र सेवाको स्तर ........ ११

३.२.१ पाईप प्रणालीबाट पानी ........ १२

३.२.२ ट्यूववेल ........ १४

३.२.३ घरायसी तहको सरसफाइ ........ १५

३.२.४ दिसाजन्य लेदो व्यवस्थापन ........ १५

३.२.५ ठोस फोहोर व्यवस्थापन ........ १५

३.२.६ सरसफाइ र स्वच्छता ..... १५
३.३ संस्थागत तहमा खासस्वले समेटेको क्षेत्र र सेवाको स्तर ..... १९
३.३.१ संघसंस्था तहमा सेवाको स्तरको सारांश ..... १९
३.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता ..... २०
३.३.३ स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता ..... ३०
३.३.४ सार्वजनिक शौचालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता ..... ४२
३.४ प्रविधि प्रणालि ..... ४३
३.५ खानेपानी, सरसफाइ तथा स्वच्छताको सूचारुपन तथा दिगोपना ..... ४४
३.५.१ खानेपानी आयोजनाहरुको मर्मत सम्भारको अवस्था ..... ४५
३.५.२ सरसफाइ संरचनाहरुको मर्मतको अवस्था ..... ४५
३.५.३ खानेपानी धाराहरुको अवस्था ..... ४५
३.५.४ सुचारुपन र दिगोपनाको परीक्षण ..... ४७
३.६ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको व्यवस्थापन क्षमता ..... ४८
३.७ श्रोतको स्वामित्व ..... ४९
३.८ खानेपानी, सरसफाइ तथा स्वच्छताका वित्तिय लगानी ..... ५०
३.९ खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको चुनौती तथा अन्तर ..... ५१
३.९.१ खानेपानी ..... ५१
३.९.२ सरसफाइ ..... ५१
३.९.३ संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता ..... ५२
३.१० हाल रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको विवरण ..... ५२
अध्याय ४ ..... ५३
खानेपानी, सरसफाइ तथा स्वच्छता सोच, लक्ष्य, उद्धेश्य, योजना तथा रणनीति ..... ५३
४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच तथा परिलक्ष्य ..... ५३
४.२ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको लक्ष्य ..... ५३
४.३ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको उद्धेश्य ..... ५३
४.४ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको रणनीतिहरु ..... ५४
४.५ राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, योजना तथा लक्ष्यहरुसंगको तादम्यता ..... ५५
अध्याय ५ ..... ५८
खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना, प्रक्षेपण र लागत ..... ५८
५.१ योजना तर्जुमा ..... ५८
५.१.१ प्राथमिकता निर्धारण ..... ५८
५.१.२ क्रियाकलापहरुको विभाजन ..... ५९
५.१.३ उपलब्ध श्रोतहरुको आंकलन ..... ६०
५.१.४ नपुग क्षेत्रमा सहयोग ..... ६०
५.२ प्रक्षेपणको सारांश ..... ६०
५.३ लागत ..... ६७
५.३.१ विधि ..... ६७

५.३.१.१ खानेपानी सेवाको लागत ....................................................................................................................... ६७
५.३.१.२ सरसफाइ सेवाको लागत ....................................................................................................................... ६८
५.३.१.३ समग्र क्षेत्र समेट्न कुल लागत ....................................................................................................................... ६८
५.३.२ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको लागत सारांश ....................................................................................................................... ६९
५.३.३ लगानी र अन्तर ....................................................................................................................... ७७
५.३.३.१ हालको लगानी ....................................................................................................................... ७७
५.३.३.२ अनुमानित अन्तर ....................................................................................................................... ७८
५.३.४ ब्रिजिङको सारांश ....................................................................................................................... ८२
५.३.५ सम्पत्तिको मूल्य ....................................................................................................................... ८६
अध्याय ६ ....................................................................................................................... ८८
खासस्व योजनाको कार्यान्वयन तथा अनुगमन ....................................................................................................................... ८८
६.१ खासस्व योजनाको कार्यान्वयन ....................................................................................................................... ८८
६.१.१ योजना कार्यान्वयन अवधारणा ....................................................................................................................... ८८
६.१.२ योजना परिमार्जन ....................................................................................................................... ८८
६.२ अनुगमन योजना ....................................................................................................................... ८८
६.२.१ अनुगमन ढाँचा तथा पद्धति ....................................................................................................................... ८८
६.२.२ सूचक ....................................................................................................................... ८८
६.२.३ अनुगमनको तह ....................................................................................................................... ८८
६.२.४ अनुगमन विधि ....................................................................................................................... ८९
६.३ निष्कर्ष तथा भावी कार्यदिशा ....................................................................................................................... ८९
६.३.१ सिकाईहरू ....................................................................................................................... ८९
६.४ पालिकाको खासस्व संरचना ....................................................................................................................... ८९
६.५ गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कोष ....................................................................................................................... ८९
६.६ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता ....................................................................................................................... ८९
६.६.१ संस्थागत संरचना ....................................................................................................................... ८९
६.६.२ संस्थागत क्षमता अभिवृद्धि ....................................................................................................................... ८९
अध्याय ७ ....................................................................................................................... ९१
संस्थागत संरचना, सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ....................................................................................................................... ९१
७.१ सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ....................................................................................................................... ९१
अनुसूचीहरु ....................................................................................................................... ९७

# तालिका सूची


तालिका नं. १.१ गाउँपालिकामा जग्गाको किसिम ६
तालिका नं. १.२ गाउँपालिकाको सिंचित जग्गाको अवस्था ६
तालिका नं. १.३ खाद्यान्न आत्म निर्भरताको अवस्था ६
तालिका नं. १.४ घरधुरी तथा लिंग अनुसार जनसंख्याको विस्तृत विवरण ७
तालिका नं. १.५ उमेर तथा लिंगका आधारमा जनसंख्याको विस्तृत विवरण ७
तालिका नं. १.६ मातृभाषाको आधारमा जनसंख्याको विस्तृत विवरण ८
तालिका नं. १.७ खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ९
तालिका नं. २.१ गाउँपालिकाको खानेपानी सेवाको कभरेज र विश्लेषण १०
तालिका नं. २.२ गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणाली १०
तालिका नं. २.३ घरपरिवार खासस्व सेवाको तह पाएको अवस्था ११
तालिका नं. २.४ वडागत रुपमा खानेपानी सेवा प्राप्त गर्न घरधुरी तथा जनसंख्याको विवरण १२
तालिका नं. २.५ खानेपानी आपूर्ति आयोजनाको प्रकार र नियमित स्थिति १३
तालिका नं. २.६ वडा अनुसार खानेपानी आपूर्ति आयोजना र लाभान्वित घरधुरीहरू १३
तालिका नं. २.७ वडा अनुसार खानेपानी आपूर्ति आयोजनाको बर्ष र लाभान्वित घरधुरीरहरू १३
तालिका नं. २.८ खानेपानी आपूर्ति आयोजनाको कार्यक्षमता स्थिति १३
तालिका नं. २.९ खानेपानी आपूर्ति आयोजनाको इन्टेक र पाईपलाइनको स्थिति १३
तालिका नं. २.१० खानेपानी आपूर्ति आयोजनाको RVTs र धाराको स्थिति १३
तालिका नं. २.११ खानेपानी आपूर्ति आयोजनाको दिगोपनाको स्थिति १३
तालिका नं. २.१२ वडागत रुपमा ट्युबवेलबाट सेवा प्राप्त गर्न घरधुरी तथा जनसंख्याको विवरण १५
तालिका नं. २.१३ सरसफाइ तथा स्वच्छताको सेवाको अवस्था १६
तालिका नं. २.१४ सर्भेक्षण अनुसार सरसफाइ तथा स्वच्छताको सेवाको अवस्था १६
तालिका नं. २.१५ वडा अनुसार शौचालयको प्रकार र भए नभएको अवस्था १७
तालिका नं. २.१६ वडा अनुसार शौचालयको बनोटको अवस्था १८
तालिका नं. २.१७ वडा अनुसार शौचालयबाट निस्किने पदार्थ जोडिएको स्थान १८
तालिका नं. २.१८ वडा अनुसार हात धुने निश्चित स्थानमा साबुन पानीको व्यवस्था छ/ छैन १९
तालिका नं. २.१९ वडा अनुसार शौचालयको खाडलको अवस्था १९
तालिका नं. २.२० संस्थागततहमा खासस्व सेवाको अवस्था २०
तालिका नं. २.२१ विद्यालयमा खानेपानी आपूर्ति २०
तालिका नं. २.२२ विद्यालयमा बिभिन्न सेवाको तह २०
तालिका नं. २.२३ विद्यालयमा शौचालय सेवाको तह २१
तालिका नं. २.२४ गाउँपालिकाका विद्यालयको विवरण २१
तालिका नं. २.२५ विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति विश्लेषण २४
तालिका नं. २.२६ वडा अनुसार विद्यालयमा शौचालयको अवस्था २६
तालिका नं. २.२७ वडा अनुसार महिनावारी स्वच्छता सम्बन्धी २८
तालिका नं. २.२८ वडा अनुसार विद्यालयमा खानेपानीको अवस्था २८
तालिका नं. २.२९ विद्यालयमा समूहगत हातधुने व्यबस्था २९
तालिका नं. २.३० वडा अनुसार वातावरणीय सरसफाइको अवस्था २९
तालिका नं. २.३१ वडा अनुसार व्यवस्थापन तथा संस्थागत अवस्था २९
तालिका नं. २.३२ स्वास्थ्य संस्था सेवाको तह २९
तालिका नं. २.३३ स्वास्थ्य संस्था स्थिति ३१
तालिका नं. २.३४ स्वास्थ्य संस्थामा खानेपानी भण्डारण अवस्था ३३
तालिका नं. २.३५ स्वास्थ्य संस्थाको शौचालय, सरसफाइ र स्वच्छता अवस्था ३५
तालिका नं. २.३६ स्वास्थ्य संस्थामा शौचालय सरसफाइ र स्वच्छता अवस्था ३६
तालिका नं. २.३७ सार्वजनिक शौचालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको स्थिति ४२

तालिका नं. २.३८ गाउँपालिकामा खानेपानी आपूर्तिको स्थिति ४३
तालिका नं. २.३९ गाउँपालिकामा सरसफाइको स्थिति ४३
तालिका नं. २.४० शौचालयमा दिसाजन्य लेदो व्यवस्थापनको विकल्प ४४
तालिका नं. २.४१ खानेपानी आपूर्तिको अवस्था ४५
तालिका नं. २.४२ सरसफाइको अवस्था ४५
तालिका नं. २.४३ धाराको अवस्था ४५
तालिका नं. २.४४ सुचारुपन र दिगोपनाको परीक्षण अन्तरगत कार्यकुशलता अंक ४७
तालिका नं. २.४५ सुचारुपन र दिगोपनाको परीक्षण अन्तरगत दिगोपना ४७
तालिका नं. २.४६ गाउँपालिकामा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको स्थिति ४८
तालिका नं. २.४७ खासस्वका घटकहरुको सम्पत्ति मूल्य ४९
तालिका नं. २.४८ खासस्वका लागि वित्त आवश्यक्ता ५०
तालिका नं. २.४९ गाउँपालिका भएका आयोजनाहरुको बिस्तृत विवरणहरुको अनुसूची छद्द
तालिका नं.३.१.परियोजनाका प्राथमिकताहरु ५८
तालिका नं. ३.२.योजना उपकरणमा प्रयोग गरिएको अनुमानहरू ५९
तालिका नं. ३.३. कभरेजको सारांश ६३
तालिका नं. ३.४.वास योजना आवश्यक लागतको सारांश ७०
तालिका नं. ३.५.क्षेत्र अनुसार लगानीमा अन्तर ७९
तालिका नं. ३.६.लागत घटक अनुसार लगानीमा अन्तर ८०
तालिका नं. ३.७. अन्तरहरू तुलनात्मक रूपमा उच्च भएका दस-शीर्ष लगानी क्षेत्रहरु ८२
तालिका नं. ३.८.क्षेत्र अनुसार अन्तर ब्रिजिंगको सारांश ८३
तालिका नं. ३.९.क्षेत्र अनुसार अन्तर ब्रिजिंगको सारांश ८४
तालिका नं. ३.१०.सम्पत्ति मूल्य ८७

# चित्र सूची


चित्र नं.१.१. गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजना र लाभान्वित संख्या ११
चित्र नं. १.२.पाईप प्रणालीबाट पानी आपूर्ति कभरेज १२
चित्र नं. १.३.ट्यूववेल कभरेज १४
चित्र नं. १.४.घरायसी तहको सरसफाइ १५
चित्र नं. १.५.गाउँपालिकामा शौचालय सेवाको तह ४४
चित्र नं. १.६. खासस्वका घटकहरुको सम्पत्ति मूल्य ४९
चित्र नं. १.७. खासस्वका लागि वित्त आवश्यक्ता 50
चित्र नं. २.१. खानेपानी आपूर्ति सेवा तह सुधार ६०
चित्र नं. २.२. घरेलु स्तरको सरसफाइ सुधार ६१
चित्र नं. २.३. गाउँपालिकामा खानेपानी सेवाको लागत ६८
चित्र नं. २.४. गाउँपालिकामा सरसफाइ सेवाको लागत ६८
चित्र नं. २.५. गाउँपालिकामा जम्मा खासस्व लागत (विषय अनुसार) ६९
चित्र नं. २.६. गाउँपालिकामा खासस्वको समग्र सेवा लागत ६९
चित्र नं. २.७. गाउँपालिकामा खासस्वको समग्र क्षेत्र समेट्न आवश्यक र उपलब्ध लागत ७७
चित्र नं. २.८. गाउँपालिकामा खासस्वको समग्र लागत घटक अनुसार आवश्यक र उपलब्ध लागत ७८
चित्र नं. २.९. जम्मा सम्पत्ति मूल्य 86
चित्र नं. ३.१."खासस्व" सेवाहरूको लागि संघीय संरचनामा बिभिन्न तहको भूमिका र जिम्मेवारी ९०

# अध्याय १
# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१. पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना, नेपालले यस अघि नै राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र नीतिको सन्दर्भ र ढाँचाको मस्यौदा तयार गरि सकेको छ । बिशेष गरि "खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरू सुरक्षित, पर्याप्त, पहुँचयोग्य, स्वीकार्य र किफायती बनाउन- कुनै पनि समय, सबै ठाउँमा र सबैको माध्यमबाट चक्रघट्टा गाउँपालिकाका नागरिकको जनस्वास्थ्य र जीवनस्तर सुधारिएको हुनेछ ।"

खानेपानी तथा सरसफाइ सम्बन्धी सेवालाई सबै नागरिकको पहुँचसम्म पुऱ्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्धि गर्नु अपरिहार्य रहेको कुरा नेपालको संविधानले परिकल्पना गरेको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरूले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्ध तवरले अगाडि बढ्नु अपरिहार्य देखिन्छ । संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को ६.१ र ६.२ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनसंख्यालाई स्वच्छ दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय र क्षेत्रिय मञ्चहरूमा यस अघि व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति गर्न र त्यसको दिगो व्यवस्थापनका लागि हाल सम्म भई आएका पहलकदमीहरुमा अझ व्यापक तीव्रता दिनुपर्ने देखिन्छ ।

नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रमुख लक्ष्य भनेको नै सम्पूर्ण नागरिकलाई जस्तो सुकै समयमा पनि सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्य योग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रदान गरि जीवनस्तरमा सुधार गर्नु रहेको छ । खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४ तयार गरेर योजनावद्ध रुपले खानेपानी र सरसफाइको पहुँच जनतासम्म पुऱ्याउने रणनीतिहरू तय गरेकोछ । पूर्ण सरसफाइका क्रियाकलाप सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुई चरणमा पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले विभाजन गरिएको छ र उक्त अवस्था हासिल गर्न तोकिएका ७ वटा मख्य सूचक तथा उपसूचकहरुको अवस्था हासिल भएको हनुपर्नेछ । जस अन्तरगत पहिलो महत्वपूर्ण खुडकिलाको रुपमा योजना तर्जुमा तथा त्यसको कार्यान्वयन रहेको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरूलाई प्रभावित पार्ने विषय हो भन्न सकिन्छ ।

नेपाल सरकार, खानेपानी मन्त्रालय/खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको भन्ने कुरा उल्लेख गरिएको छ । आश्विन १३, २०७६ मा नेपाल नै खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छ । सुरक्षित खानेपानि सेवा सहितको पूर्ण सरसफाइ नै अबको मुख्य अभियान हुनेछ, प्रत्येक स्थानीय तहमा सहभागितात्मक प्रकृया अपनाई एकीकृत खासस्व योजनाको तर्जुमा हुन आवश्यक देखिन्छ । जसको लागि अभियानलाई सार्थक बनाउन सरकारी, नीजि तथा गैरसरकारी निकायहरूबाट हुने काममा थप प्रभावकारी बनाउन पर्दछ । यसरी योजनाबद्ध रुपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन कृयाकलाप संचालनका लागि बर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२. औचित्य

नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा सुरक्षित खानेपानी र सरसफाइको पहुँचलाई मानव अधिकारको रुपमा प्रत्याभूत गरिएको छ। संविधानमा नै खानेपानी र बातावरण सम्बन्धी नागरिकको अधिकार स्पष्ट गरी राख्ने विश्वका सीमित देशहरु भित्र नेपाल पर्दछ। यसको मतलव प्रत्येक वर्ष खासस्व सेवाहरुको वृद्धिमा राज्यको दायित्व छ र राज्यको क्षमता र स्रोतको अधिकतम रुपमा वृद्धि गर्नुपर्ने देखिन्छ। त्यसैगरि संविधानको अनुसूची ८ र ९ वमोजिमका एकल एवम् मिश्रित सूचीमा उल्लेखित खासस्व क्षेत्रगत कार्यहरु स्थानीय तहको जिम्मेवारीको बिषय बनेको छ। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिकाको काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए वमोजिम दफा ११ को उपदफा "ध" मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना अत्यावस्यक हुन आएको छ।

नेपालमा स्थानीय तहको संरचनाको गठनपछि चक्रघट्टा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) को भावी योजनाको महत्वपूर्ण आवश्यकता महसुस गरेको छ। नागरिकको नैसर्गीक अधिकारको रुपमा खानेपानी तथा सरसफाइलाई संविधानमा नै व्यवस्था गरे अनुसार पनि सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा अभिवृद्दि गर्नु यस गाउँपालिकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ।

खानेपानी सरसफाइ तथा स्वच्छतामा नागरिकको पहुँच अभिबृद्धि गर्न, स्पष्ट र प्रयाप्त योजना बिनाका कामहरुले आशातित उपलब्धी तथा सफलता योजना अनुसार नभएको अनुभव देखिन्छ। त्यसैले पनि तथ्यगत र वस्तुगत आधारमा समुदायसँगको छलफल तथा सहभागिता, सरोकारवालाहरुसंगको परामर्श र स्विकार्यतालाई समेत मध्य नजर गरी खानेपानी सरसफाइ तथा स्वच्छताको सेवाबाट यस गाउँपालिकामा बञ्चितिमा परेका समुदायहरूलाई प्राथमिकतामा राखेर खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना बनाउने र देखिने गरि विकास गर्न अति आवश्यक भएको कारण पनि यो योजना निर्माण गरिनु अपरिहार्य देखिएको हो। यो योजनाबाट समग्रमा चक्रघट्टा गाउँपालिकामा खासस्व क्षेत्रमा वर्तमान अवस्था तथा सम्भावित अवसरहरुको पहिचान र दीर्घकालिन विकासको योजना हुन पनि यो आवश्यक पर्दछ।

## १.३. उद्देश्य

यस चक्रघट्टा गाउँपालिकामा अवस्थीत सम्पूर्ण उपलब्ध सुविधा र संरचनाहरुको यथास्थिति र अवस्थाहरुको NWASH को प्रयोगद्धारा विवरण संकलन तथा अभिमुखिकरण गरि आगामी दिनहरूका लागि सबै घर दैलोमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चतताका लागि मार्गदर्शन प्रदान गर्नु नै खासस्व योजनाको उद्देश्य हो। खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

- एक संकेतात्मक खानेपानी, सरसफाइ र स्वच्छता योजना २०८८ को अन्त्यसम्म यसले खासगरी गाउँपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छताका सवालहरूको विश्लेषण, र विस्तृत खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा आधारित नागरिकहरूलाई सेवा प्रावधानको समग्र व्यवस्थापनमा कसरी सुधार गर्न चाहेको छ भन्ने कुराको व्यापक र सुसंगत दृष्टिकोण प्रदान गर्दछ।
- सहयोगको लागि पैरवी: यो योजनाले राष्ट्रिय तथा बाह्य सहयोगको आवश्यकताको बारेमा पैरवी र सचेतना बढाउन सहयोग पुर्‍याउँछ र जब परियोजना प्रस्तावहरुको विकास हुन्छ तव कोष अभिबृद्धिका अवसरको लागि औचित्य पुष्टि गर्दछ।
- क्षेत्र व्यवस्थापनः यस दस्तावेजले सुधारिएको क्षेत्र व्यवस्थापन, अनुगमनको आधारका साथै उद्धेश्यहरु तथा सूचकहरु निर्माण गर्ने आधार तयार गर्दछ।
- क्षेत्र समन्वय तथा सहकार्य: यस खासस्व योजनाको निर्माण विभिन्न सरोकारवालाहरु तथा गाउँपालिकाका बिभिन्न बिषयगत मुख्य योजना समूहले गरेका हुन। त्यसकारण यसले कुशल र प्रभावकारी क्षेत्र समन्वय र सहकार्यलाई सुदृढ पार्न र सहजीकरण गर्न मुख्य क्षेत्रहरूको राम्रो सिंहावलोकन प्रदान गर्दछ। खानेपानी सरसफाइ तथा स्वच्छता सेवा प्रावधानमा योगदान गर्न यसले गाउँपालिकामा मुख्य सरोकारवालाहरु ( गै.स.स, निजी क्षेत्र, समुदायमा आधारित संस्थाहरु) पहिचानमा सहयोग गर्दछ।

## १.४. समयावधि

यस चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको समयावधि २०७९-२०८८ साल अर्थात (सन् २०२२-२०३०) सम्मको हुनेछ । यसले विशेष गरेर नेपालको संविधानमा स्थापित मौलिक हक तथा गाउँपालिका बासीहरुको खानेपानी, सरसफाइ तथा स्वच्छतामा पहुँच अभिवृद्धि सर्वसुलभ बनाउनको लागि यो योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

## १.५. सीमितता/ अध्ययनका सिमा

यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने क्रममा खानेपानी, सरसफाइ तथा स्वच्छताको विवरण बाहेक गाउँपालिका स्तरीय निर्वाचित पदाधिकारीहरू, कार्यरत कर्मचारीहरू, सम्वन्धित सामाजिक संघसंस्थाहरु, स्वास्थ्य केन्द्रका कर्मचारी, विद्यालयका शिक्षकहरुका साथै महिला स्वास्थ्य स्वयं सेविकाहरूसंग छलफल गरी विवरणहरु संकलन गरिएको हो । साथै चक्रघट्टा गाउँपालिकाका घरपरिवारहरुको सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्न NWASH मोबाइल एप्सद्धारा १० प्रतिशत घरपरिवारको नमुना छनौट विधिबाट (Random Sampling Method) सूचनाहरू संकलन तथा प्राप्त तथ्यहरूलाई सामान्यिकरण गरिएको छ । त्यसैगरि चक्रघट्टा गाउँपालिकाका संस्थागत निकायहरुको शतप्रतिशत विवरणहरु संकलन तथ गणना गरिएको छ । तालिम प्राप्त गणकहरुको परिचालन गरी सुचना प्रविधिको उपयोग गरि तथ्याङ्कहरु संकलन गरिएको छ ।

## १.६. तयारी विधि र प्रक्रिया

यस चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीको क्रममा तपसिलका चरण र प्रक्रियाहरूको अवलम्वन गरिएको छ ।

### १.६.१. खासस्व योजनाको ढांचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

चक्रघट्टा गाउँपालिकाको खासस्व योजनालाई खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा मार्गदर्शन, २०७६ द्वारा प्रस्तावित ढाँचा अनुरुप नै तयार गरिएको छ । सो ढाँचामा प्रस्तावित विषय वस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका रुजु सूची र प्रश्नावलीहरूका अलावा नेपाल सरकार, खानेपानी मन्त्रालयबाट तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गर्न विधि तय गरिएको थियो । फिल्डमा सर्वेक्षणका लागि खटिने टोलीहरू गाउँपालिकासंगको समन्वयमा छनौट गरी उनिहरूका लागि NWASH मोबाइल एप्सबाट तथ्याङ्क संकलन गर्ने विधि सम्वन्धी ३ दिने तालिम संचालन गरिएको थियो ।

### १.६.२. गाउँपालिकास्तरीय खासस्व योजना परिचयात्मक गोष्ठी तथा सहमति निर्माण

चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना परिचयात्मक गोष्ठी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, गाउँकार्यपालिकाका सदस्यहरू र सरोकारवालाहरूको सहभागितामा मिति २०७६ फाल्गुन २० गते (३ मार्च २०२०) आयोजना गरिएको छ । खानेपानी, सरसफाइ स्वच्छता (खासस्व) योजनाको आवश्यकता र महत्वका विषयमा गोष्ठीमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरूको भूमिकाका विषयमा छलफल भएको थियो । अन्तमा खासस्व योजना तयारी प्रक्रियामा आवश्यक सहयोगका साथै समन्वय र अनुगमनका लागि कार्य दल गठन गरिएको थियो ।

### १.६.३. गणकहरुको छनोट एवं तालिम

चक्रघट्टा गाउँपालिकाको खासस्व योजना बनाउनको लागि NWASH मोबाइल एप्स विधिबाट गाउँपालिकाको विवरणहरु संकलनको लागि ८ जना (६ पुरुष र २ महिला) हरुलाई छनौट गरिएको थियो । साथै उनिहरुलाई NWASH मोबाइल एप्स विधि तथा त्यसको प्रयोग, तथ्याङ्क संकलन सम्बन्धि ३ दिनको तालिम कार्यक्रम मिति २०७७ फागुन ६ देखि ८ (१८ देखि २० फेव्रवरी २०२१) गतेसम्म सञ्चालन गरिएको थियो । तालिमबाट उनीहरुलाई अभ्यस्त बनाएपछि मात्र समुदायमा विवरण संकलनको लागि परिचान गरिएको थियो ।

### १.६.४. तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरू गरिएको थियो ।

- चक्रघट्टा गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना निर्माण गर्नको लागि यसै गाउँपालिकामा उपलब्ध बिभिन्न सन्दर्भ सामाग्रीहरु, गाउँपालिकाको website र गाउँपालिकामा काम गरिरहेका सरकारी, गैरसरकारी संघसंस्थाहरुबाट संकलन गरेको सरसफाइ र स्वच्छता सम्बन्धि तथ्याङ्क, प्रतिवेदन र कार्यालयबाट तयार गरिएका प्रतिवेदन अध्ययन गरिएको थियो ।
- गाउँपालिकामा संचालनमा रहेका खानेपानी आयोजनाहरूको दिगोपना लेखाजोखा गरियो ।
- NWASH मोबाइल एप्सको माध्यमबाट चक्रघट्टा गाउँपालिका क्षेत्रभरिका शत प्रतिशत खानेपानी र सरसफाइसंग सम्वन्धित विद्यमान भौतिक संरचनाहरूको प्राथमिक तथ्याङ्कको श्रोतबाट लेखाजोखा गरियो
- प्राथमिक श्रोतको माध्यमबाट शत प्रतिशत विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक शौचालयहरूमा पुगि खानेपानी तथा सरसफाइ सम्बन्धी अवस्था र भावी योजनाहरू सम्बन्धी सूचना संकलन गरियो ।
- घरपरिवार तहको खानेपानी, सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्न नमुना संकलन विधिबाट सूचनाहरू संकलन गरियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुनः प्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरू संकलन कार्य भयो ।
- खानेपानीका पहुँचबाट बञ्चित भएका समुदायको खानेपानीको सम्भावित श्रोतहरू तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरियो ।
- अन्य विकास साझेदारहरूको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूको विवरणहरू संकलन गरियो ।

### १.६.५. तथ्याङ्क प्रशोधन, विश्लेषण तथा मस्यौदा तयारी

यस चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माणका लागि NWASH मोबाइल एप्स, समूहगत छलफल, जानिफकारसँगको अन्तरवार्ता, रुजु सूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई सूचना प्राविधि विज्ञहरूको सहयोगमा प्रशोधन तथा विस्तृत विश्लेषण गरियो । हालको वर्तमान अवस्था र पुग्न पर्ने स्थान बिचको अन्तरको छलफल तथा चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरूका वीचको सहकार्यको योजना सहितको खासस्व योजना तर्जुमा मार्गदर्शन २०७६ बाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गरिएको छ । ।

### १.६.६. खासस्व योजना तथ्याँङ्क सेयरिङ्ग, प्रमाणीकरण, योजना प्राथमिकिकरण र बजेट योजना गोष्ठी

चक्रघट्टा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको मस्यौदा प्रतिवदेन तयार भएपछि चक्रघट्टा गाउँपालिका स्तरमा संयुक्त वडा तथा पालिका स्तरिय तथ्याङ्कहरू सेयरिङ्ग र योजना योजना प्राथमिकिकरण र बजेट तर्जुमा कार्यशाला गोष्ठीहरू संचालन गरी प्रस्तावित खानेपानी तथा सरसफाइका दुरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरूको संलग्नता, यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यक्रमहरूको बजेट, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद् व्यवस्थापनका योजना, संस्थागत क्षमता छलफलका अलावा प्राप्त सूचना र तथ्याङ्कहरूको प्रमाणिकरण गर्ने कार्य गरियो । २०७९ वैसाखमा भएको स्थानिय निर्वाचनबाट निर्वाचित जनप्रतिनीधिहरुलाइ मिति २०७९ साल साउन ५ गतेका दिन एक दिने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको परिचय, यसको निर्माण प्रक्रिया, हालसम्मको अवस्था र यसको कार्यान्वयनमा गाउँपालिकाले निर्वाह गर्नु पर्ने भूमिका सम्वन्धमा कार्यशाला गोष्ठी आयोजना गरियो । माथी उल्लेखित गोष्ठीहरुबाट प्राप्त सूचना, सुझाव तथा पृष्ठपोषणहरूलाई समावेश गरेर अन्तिम खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

### १.६.७. खासस्व योजना तयारी तथा सार्वजनिकिकरण

यस गाउँपालिकाको प्रमाणीकरण गोष्ठी पश्चात निर्माण भएको अन्तिम खानेपानी सरसफाइ तथा स्वच्छता (खासस्व) योजना चक्रघट्टा गाउँकार्यपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित अनुमोदन भएपछि आगामी गाउँसभाबाट स्विकृत गर्ने गरी प्रमाणीकरण र सार्वजनिकिकरण गरिएको छ ।

# अध्याय २
# गाउँपालिकाको वस्तुगत विवरण

## २.१. भौगोलिक अवस्थिति र बनोट

मधेश प्रदेशको सर्लाही जिल्लामा रहेको चक्रघट्टा गाउँपालिकाको निर्माण स्थानीय तहको पुनर्संरचना भएसँगै भएको हो । साविकका पडारिया, बेल्ही, सुन्दरपुर, खोरिया र औरही गाविस समावेश गरेर यस गाउँपालिकाको निर्माण भएको हो । ९ वटा वडाहरु रहेको यो गाउँपालिका २५.१६ बर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । ४२०० घरधुरी रहेको गाउँपालिकाको कुल जनसंख्या २७,९५२ रहेको छ ।

यस गाउँपालिका विभिन्न जात जाति, भाषाभाषी र धर्म संस्कृतीको साझा फुलबारीको रुपमा रहेको छ। यहाँ यादव, ब्राहमण, कोइरी, मुस्लीम, धानुक, खत्वे, पासमान, तेली, लोहार, शर्मा, मुसलमान लगायतका जातजातिहरु बसोबास गर्छन । गाउँबासीहरुले धर्म, संस्कृति र परम्परा अनुसार मुख्य रुपमा दुर्गा पूजा, दिपावली, छट पर्व, रमजान, झिझीया, जितीया, लक्ष्मीपुजा, सामाचकेवा, होली, इद, बकरिद मनाउने गर्छन । सबै जातजाती र भाषाभाषी बिच हार्दिक सम्बन्ध र सहकार्यले गाउँबासीको एकता झल्काउँने गरेको छ ।

गाउँपालिकाका बहुसंख्यक जनता परम्परागत कृषिमा आश्रित छन् । एकाध ठाउँमा व्यवसायिक कृषि, पशुपालन र माछापालन सुरु भएपनि त्यसबाट लाभान्वित हुनेहरुको संख्या सानो छ । गाउँपालिकामा १२ वटा सामुदायिक विद्यालय, ३ वटा माध्यमीक विद्यालय १ वटा निम्न माध्यमीक विद्यालय र ८ वटा प्राथमिक विद्यालय रहेका छन् । शिक्षाको गुणस्तर सुधार्न र शिक्षाको उज्यालोबाट कसैलाई बन्चित रहन नपरोस भनेर गाउँपालिकाले बिभिन्न कार्यक्रमहरु संचालन गरेको छ। मधेश प्रदेशले कार्यान्वयनमा ल्याएको 'मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ अभियान' अन्तरगत गाउँपालिकाले २०७५ माघ १ गते भन्दा पछि जन्मिएका बालिकाहरुको शिक्षा विमा कार्यक्रम पनि लागू गरेको छ ।

## २.२. पहुंच

सदरमुकाम मलंगवादेखि ५.३ कि.मि पश्चिम, उत्तर दिशामा रहेको गाउँपालिका पूर्व पश्चिम राजमार्गको नवलपुरबाट २५ कि.मि दक्षिणमा अवस्थित रहेको छ । समथर भूमिले भरिएको यस गाउँपालिकाको पूर्वमा मलंगवा र कविलासी नगरपालिका, पश्चिममा गोडैता नगरपालिका र बसबरिया गाउँपालिका, उत्तरमा कविलासी र बरहथवा नगरपालिका र कौडेना गाउँपालिका रहेका छन् ।

यस गाउँपालिकाको औरही, खोरीया, सुन्दरपुर पडरिया र भेल्हीमा गरेर ५ वटा स्वास्थ्य चौकी रहेका छन् भने औरही, खारीया सुन्दरपुर स्वास्थ्य चौकीमा बथिङ्ग सेन्टर पनि संचालनमा भइरहेको छ । स्वास्थ्य सुविधाको पहुँच वृद्धि गर्न र आधुनिक स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले विभिन्न पहल कदमीहरु लिएको छ ।

गाउँपालिकाको आफ्नै कार्यालय भवन छ। अधिकांश वडा कार्यालयहरु पनि आफ्नै भवनभित्र संचालित रहेका छन । आधारभुत भौतिक पूर्वाधारको विकास अन्तर्गत बाटोघाटो, पुल तथा कल्भर्टहरुको मर्मत तथा निर्माण सबै वडाहरुमा द्रुत गतिमा रहेको छ । यसरी पूर्वाधार विकासको सन्दर्भमा विभिन्न क्षेत्र अन्तर्गत तल चर्चा गरिएको छ । *(श्रोत: चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

## २.३. भूउपयोग तथा वातावरण

सर्लाही जिल्लाको कूल क्षेत्रफल मध्ये चक्रघट्टा गाउँपालिकाको कूल क्षेत्रफल २५.१६ बर्ग कि.मि. रहेको छ । यस गाउँपालिका अन्तर्गत रहेको वर्तमान भूउपयोग सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

*तालिका नं. १.१ गाउँपालिकामा जग्गा किसिम*

| सि.न. | जग्गाको किसिम | क्षेत्रफल |
|---|---|---|
| १ | कृषि क्षेत्र | ८००० बिघा |
| २ | वन तथा चरन क्षेत्र | ११० बिघा |
| ३ | आवास क्षेत्र | ५६० बिघा |
| ४ | खोला नालाले ओगटेको क्षेत्र | २०० बिघा |
| ५ | तल तलैया | ६० बिघा |
| ६ | सिमसार क्षेत्र | ४ बिघा |
| ७ | औद्योगिक क्षेत्र | २ बिघा |
| ८ | सडकले ओगटेको क्षेत्र | ४५० बिघा |
| ९ | अन्य | २ बिघा |

*(श्रोतः चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

पर्यावरणमा नदी नालाहरुको विशिष्ट महत्व रहेको छ । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरुमा फैलिएर रहेका खोला खोल्सि, तालतलैयाहरु र पोखरीहरुले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरु र पंछीहरुलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । पोखरीहरु माछापालनका रुपमा पनि उपयोग भईरहेका छन् । जसबाट स्थानीयहरुले आयआर्जन मात्र गरिरहेका छन् । साथै यस्ता तालतलैयाहरुबाट पशुहरुले पानी पिउने र किसानहरुले समेत बेलाबखत आंशिक रुपमा सिँचाईको लागि पानीको प्रयोग गर्ने गरेका छन् । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरुको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरुमा भूक्षय भई पुरिने खतरा रहन्छ ।

*तालिका नं. १.२ गाउँपालिकाको सिंचित जग्गाको अवस्था*

| विवरण | क्षेत्रफल |
|---|---|
| सालैभर सिंचित | ५०० बिघा |
| मौसमी सिंचित | ५५०० बिघा |
| कूल सिंचित क्षेत्रफल | ६००० बिघा |
| असिंचित जमीन | १००० बिघा |
| खेतीयोग्य जमीन | ६५०० बिघा |
| खेति गरिएको जमीन | ६४०० बिघा |

*(श्रोतः चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

त्यसैगरि यस चक्रघट्टा गाउँपालिकामा खाद्यान्न आत्म निर्भरताको अवस्थाको कुरा गर्नु पर्दा ७ महिना भन्दा बढी खान पुग्ने परिवार ६७ प्रतिशत रहेका छन् भने ६ महिना भन्दा कम खान पुग्ने परिवार ३३ प्रतिशत रहेका छन्, जसलाई निम्न बमोजिमको तालिका द्धारा बिस्तृत रुपमा उल्लेख छ ।

*तालिका नं. १.३ खाद्यान्न आत्म निर्भरताको अवस्था*

| खाद्यान्न उपलब्धताको आधारमा परिवार संख्याको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना भन्दा कम खान पुग्ने परिवार | १०८२ | ५ प्रतिशत |
| ४ - ६ महिना खान पुग्ने परिवार | ६०६२ | २८ प्रतिशत |
| ७ - ९ महिना खान पुग्ने परिवार | ६९२८ | ३२ प्रतिशत |
| १० -१२ महिना खान पुग्ने परिवार | ६४९५ | ३० प्रतिशत |
| आफ्नो खेतवारीको उत्पादनबाट खान पुगेर बेचविखन गर्ने परिवार | १०८२ | ५ प्रतिशत |

*(श्रोतः चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

## २.४. जनसांख्यिक विवरण

यस चक्रघट्टा गाउँपालिकामा जम्मा ९ वटा वडाहरु छ, पार्श्वचित्रको तयारीको क्रममा लिएको तथ्यांक अनुसार ४४०९ घरधुरी र २७९५२ जनसंख्या रहेको छ । वडागत रुपमा रहेका घरधुरी तथा लिंग अनुसार जनसंख्याको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका नं. १.४ घरधुरी तथा लिंग अनुसार जनसंख्याको विस्तृत विवरण*

| वडा नं. | घर परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ३१७ | ९२४ | ८७६ | १८०० |
| २ | ५८२ | १८४४ | १७११ | ३५५५ |
| ३ | ५८९ | २०३३ | १८९३ | ३९२६ |
| ४ | ४९७ | १८७५ | १७५१ | ३६२६ |
| ५ | ५३४ | १६१७ | १५५० | ३१६७ |
| ६ | ३४७ | ११५० | ११३४ | २२८४ |
| ७ | ५१० | १६१३ | १५९६ | ३२०९ |
| ८ | ६४७ | १९७९ | १९७९ | ३९५८ |
| ९ | ३८६ | १२७१ | ११५६ | २४२७ |
| **जम्मा** | **४४०९** | **१४३०६** | **१३६४६** | **२७९५२** |

*(श्रोतः चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

उमेरको आधारमा चक्रघट्टा गाउँपालिकामा जनसंख्याको स्थिति हेर्दा उमेर समुह अनुसार पाँच वर्षमुनिका ३५३७ र ७० वर्ष माथिको कूल ८६४ रहेको देखिन्छ । विस्तृत विवरण निम्न वमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. १.५ उमेर तथा लिंगका आधारमा जनसंख्याको विस्तृत विवरण*

| उमेर समुह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | १७३९ | १७९८ | ३५३७ |
| ५-९ बर्ष | २२६४ | २२७४ | ४५३८ |
| १०-१४ बर्ष | १७५६ | १९१६ | ३६७२ |
| १५-१८ बर्षसम्म | ११३२ | १२९३ | २४२५ |
| १९-२४ बर्षसम्म | १०७४ | ९७९ | २०५३ |
| २५-४५ बर्षसम्म | ३३६२ | ३४९८ | ६८६० |
| ४६-५९ बर्षसम्म | ११७० | १३७६ | २५४६ |
| ६०-६९ बर्षसम्म | ७२० | ७३७ | १४५७ |
| ७० बर्ष भन्दा माथी | ३७१ | ४९३ | ८६४ |
| **जम्मा** | **१३५८८** | **१४३६४** | **२७९५२** |

*(श्रोतः चक्रघट्टा गाउँपालिका पार्श्वचित्र, २०७६)*

चक्रघट्टा गाउँपालिकामा धार्मिक हिसाबले हिन्दु धर्म मान्नेहरुको संख्या २३०४० रहेको छ, त्यसैगरि बौद्ध २४०, इस्लाम ४५२७, किरात ६५, किस्चियन ३०, प्रकृति ४, जैन २, बहाई ४०, सिख ४ जना रहेका छन् ।
चक्रघट्टा गाउँपालिकामा मातृ भाषाको हिसाबले मैथिली बोल्नेको बाहुल्यता रहेको छ ।

***तालिका नं. १.६ मातृभाषाको आधारमा जनसंख्याको विस्तृत विवरण***

| क्र.सं. | मातृभाषा | जनसंख्या |
|---|---|---|
| १ | मैथिली | २४४५१ |
| २ | बज्जिका | २७८८ |
| ३ | हिन्दी | १८६ |
| ४ | उर्दु | ३१७ |
| ५ | नेपाली | ६७ |
| ६ | अन्य | ७२ |
| ७ | उल्लेख नभएको | ७१ |
| **जम्मा** | | **२७९५२** |

*(श्रोत: केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८)*

## २.५. आर्थिक गतिविधि र पेशा

चक्रघट्टा गाउँपालिका पाश्वचित्र २०७६ को विवरण अनुसार यस गाउँपालिकामा २७०७ परिवारहरु कृषि पेशामा आवद्ध रहेका छन् भने ३०१ परिवार पशुपालन व्यवसायमा छन । त्यसै गरि कुखुरा पालनमा १६७ परिवार, माछापालनमा १०० रहेको छ । गैरकृषि पेशा अन्तरर्गत नोकरीमा ८०० परिवार, दैनिक ज्यालादारीमा ५००० परिवार, वैदेशिक रोजगारमा २००० परिवार आवद्ध रहेका छन् । धान, गहुँ मकै, लगायत तरकरी, दलहन, तेलहन लगायत नगदेवाली उत्पादनका लागि पनि यो ठाउँ निकै उपयुक्त मानिन्छ ।

बागमती सिँचाई आयोजनाबाट यस गाउँपालिकाको वडा नं. ६ को गोडियाही, वडा नं. ७ को सगरदिना, वडा नं. ८ को औरहीमा सिँचाई हुने गरेको छ । यस गाउँपालिकाको कुनै आफ्नै सिँचाई आयोजना नभएकोले सम्पूर्ण गाउँपालिकाका कृषकहरुलाई सिँचाई गर्न समस्या हुने गर्दछ । चक्रघट्टा गाउँपालिका भएर बग्ने लखनदेवी खोलाले यस गाउँको कृषिजन्य जमिनहरुमा बर्षेनी धेरै क्षति गर्ने गरेको देखिन्छ । त्यसैगरि यस गाउँपालिकामा ८ वटा तालतलैया तथा प्राकृतिक पोखरीहरु छन् ।

बैदेशिक रोजगारीको खोजीमा विदेश जाने मुख्य दश जिल्लाको सुचीमा सर्लाही जिल्ला पनि पर्दछ । यस जिल्लाको चत्रघट्टा गाउँपालिकाबाट बैदेशिक रोजगारीको सिलसिलामा कति विदेश गए भन्ने यकिन विवरण उपलब्ध छैन । बैदेशिक रोजगार विभागको मासिक प्रतिवेदनका अनुसार २०७५ असार महिनामा मात्रै सर्लाहीका ३८१ जना श्रम स्विकृती लिएर बैदेशिक रोजगारीमा गएको देखिन्छ । विभागका अनुसार कतार, साउदी अरव र बहराईन जिल्लाबासीहरुको मुख्य श्रम गन्तव्य बनेको देखिन्छ ।

यस चत्रघट्टा गाउँपालिकामा औद्योगिक तथा व्यापार, व्यबसायहरुको संख्या ६७५ रहेको छ । जस अन्तरगत सबै भन्दा बढी दुग्घ व्यवसायी रहेका छन् भने अन्य टेलर्स, सुनचाँदी व्यवसायी, होटल व्यवसायी, तरकारी तथा फलफूल व्यवसायी, माछामासु पसल, किराना पसल, फर्निचर, बेकरी तथा मिष्ठान व्यवसायी, मदिरा व्यवसायी आदि रहेका छन् ।

## २.६. जनसंख्याको गतिशिलता र बसाई सराईको स्थिति

यस चक्रघट्टा गाउँपालिकाको पार्श्वचित्र २०७६ मा उल्लेखित विवरण अनुसार यस गाउँपालिकामा बसाई सरेर आएकाहरु जम्मा १७ परिवार जना छन् जसमा ७ महिलाहरु र १० पुरुष रहेका छन् । त्यसैगरि गाउँपालिकाबाट बसाई सरेर बाहिर गएकाहरु ७५ जना रहेका छन्, जसमा ३५ महिला र ४० पुरुष रहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस पालिकामा ४ प्रतिशत औषत जनसंख्या वृद्धिदर रहेको छ । यस गाउँपालिकाका व्यक्तिहरु रोजगारीको सिलसिलामा जिल्ला सदरमुकामको साथै देशका प्रमुख शहरहरुमा गएको देखिन्छ । तर उनीहरु ठूला चडपर्व तथा अन्य समयमा गाउँ फर्किने समेत गरेका छन् ।

## २.७. भौतिक पूर्वाधार

चक्रघट्टा गाउँपालिकामा निर्माणाधीन गाउँस्तरीय कालोपत्र सडक १५ कि.मि., ग्राभेल ३० कि.मि. र कच्ची तथा धुले ६० कि.मि. रहेकोछ । गाउँपालिकाभित्र रहेका सडकहरु क्रमिक रुपमा स्तरोन्नतीको कार्य गाउँपालिका तथा नेपाल सरकार मार्फत भईरहेको छ। आधारभुत भौतिक पूर्वाधारको विकास अन्तर्गत बाटोघाटो, पुल तथा कल्भर्टहरुको मर्मत तथा निर्माण सबै वडाहरुमा द्रुत गतिमा भएको देखिन्छ ।

## २.८. गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र खासस्व योजनाको सम्वन्ध

स्थानीय तह संविधान र स्थानीय शासन सञ्चालन ऐन, २०७४ बमोजिम सञ्चालन हुँदै विकेन्द्रित सहभागितात्मक योजना, अनुगमन प्रकियामा आधारमा स्थानीय विकासको योजना निर्माण, सञ्चालन व्यवस्थापन, समन्वय र नियमन गर्न जिम्मेदार रहेका छन् ।

यस चक्रघट्टा गाउँपालिकामा विभिन्न ऐन, कार्यविधि तथा नीतिहरु भएपनि खासस्व योजना कार्यान्वयनमा सहयोग गर्ने अन्य कुनै पनि प्रकारका रणनीतिक योजना, कार्ययोजनाहरु तयार गरिएको छैन । चक्रघट्टा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा बिभिन्न कार्यहरु गर्दै भने आईरहेकोछ । आगामी दिनमा गाउँपालिका कार्ययोजना र कार्यक्रमहरूमा खासस्व योजनामा समावेश गरी खानेपानी तथा सरसफाइको अवस्थामा स्तरोन्नति गर्ने लक्ष्य लिएको छ ।

## २.९. अन्य कार्ययोजनाहरु र खासस्व योजना बीचको अन्तर सम्बन्ध

नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा सुरक्षित खानेपानी र सरसफाइको पहुँचलाई मानव अधिकारको रुपमा प्रत्याभूत गरिएको छ । त्यस्तै धारा ३० को उपधारा १ मा प्रत्येक नागरिकलाई स्वस्थ र सफा वातावरण बाँच्न पाउने अधिकारको प्रत्याभूत गरिएको छ र भने उपधारा २ वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानून बमाजिम क्षतिपूर्ति पाउने हक उल्लेख छ ।

नेपालमा भएका सकृय ऐनहरु पानी कर ऐन २०२३, नेपाल खानेपानी संस्थान ऐन २०४६, जलस्रोत ऐन २०४९, वातावरण संरक्षण ऐन २०५३, खानेपानी महसुल निर्धाण आयोग ऐन २०६३, खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३, फोहरमैला व्यवस्थापन ऐन २०६८, स्थानीय सरकार संचालन ऐन २०७४ र योजनाहरुः राष्ट्रिय जल योजना २०६२, वाग्मती कार्य योजना २०६६, सरसफाइ तथा स्वच्छता गुरु योजना २०६८, रहेका छन् । साथै नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजनाले खासस्व योजना तयार गर्नको लागि बिशेष महत्व दिएको छ । त्यसै गरि दिगो विकास लक्ष्य ६ ले सबैका लागि खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चत गर्ने लक्ष्य लिएकोछ ।

## २.१०. खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

